# पाठ - 4
# शिकार

## الدرس الرابع - نيبالي
## الصيد

यदि अवश्यक्ता छ भने शिकार गर्नु जायज छ, तर मात्र खेलकुदको लागि शीकार गर्नु उचित छैन, घाइते भए पछि समातिए सम्म शिकार दुई अवस्थामा हुन्छ ।
१- यदि जिवित अवस्थामा समातियो भने त्यसलाई जिबह गर्नु अनिवार्य छ ।
२- यदि मृत्यु अवस्थामा वा अन्तिम अवस्थामा पाइयो भने त्यो हलाल हुन्छ ।
र जिबहको लागि जे शर्त राखिएको छ त्यहि शिकारको लागि पनि राखिएको छ ।
१- बुद्धिमान, मुस्लिम, वा अहले किताब होस, तसर्थ कुनै मुस्लिमको लागि पागल, नसा गरेको, र मुर्ती र आगो पुजने व्यक्तिहरुको शिकार खानु जायज छैन ।
२- शिकार गर्ने हतियार धारिलो होस, जसले रगत बगाउनु हुन्छ, तर नङ र दाँत (सबै प्रकारको हाड) द्वारा नहोस, शिकारलाई हतियारको धारले घाइते गरेको होस, वजनले होइन, र शिकारी कुकुर र पंक्षीबाट मारिएको शिकार खानु जायज छ यदि त्यसलाई शिकारको तालीम र शिक्षा दिइएको छ भने ।
**र त्यसको तालीम यो हो कि** यदि त्यसलाई शिकारको लागि छोडियो भने गएर शिकारलाई समातेर राख्छ र मालिक आइ पुग्ने सम्म त्यसलाई आफ्नो लागि होइन बरु मालिकको लागि सुरक्षित राख्दछ ।
३ - शिकारको उदेश्यले हतियार चलाउने, तसर्थ हतियार यदि आफै हातबाट लडेर कुनै शिकारलाई मार्यो भने त्यो हलाल हुदैन, किन भने यसमा शिकारको उदेश्य थिएन, त्यस्तै यदि कुकुर आफै गएर शिकार मार्यो भने हलाल हुदैन, किन भने मालिकले त्यसलाई पठाउनु भएको छैन, र शिकारको इच्छा पनि जनाइएको छैन, र यदि कसैले शिकार माथि गोली प्रहार गर्नु भयो तर गोली चाहिं अर्के शिकारलाई लाग्यो वा एक भन्दा अधिक शिकारलाई लाग्यो भने सबै हलाल हुन्छ ।
४- तीर चलाउँदा र शिकारी जनावर पठाउँदा बिस्मील्लाह (بسم الله) भन्ने, र साथमा अल्लाहु अकबर (الله أكبر) भन्नु पनि सुन्नत हो ।
*नोट* - रसूल ﷺ द्वारा अनुमति प्राप्त भएको कार्य बाहेक अरु कुनै कार्यमा कुकुर पालनु हराम छ, र त्यो तीन कुरा मध्ये एउटा हो, शिकार गर्नुको लागि, वा जनावरहरुमा (गार्ड) पहरा दिनुको लागि, वा खेतीमा (गार्ड) पहरा दिनको लागि ।